# ओखलढुङ्गा जिल्ला अदालत
## ओखलढुङ्गा

प्रशासन शाखा

जिल्ला न्यायाधीश ०३७-५२०१७२
श्रेस्तेदार ०३७-५२०१९५
फ्याक्स न. ०३७५२०६०९
Email:info.dcokhaldhunga@supremecourt.gov.np


पत्र सङ्ख्या ०७७/०७८
च.न.

मिति-२०७८/०१/३०

## सुचना ! सुचना !! सुचना !!!

विश्वव्यापी रुपमा फैलिरहेको नोबेल कोरोना भाईरस (कोभिड १९) को दोश्रो भेरिएन्ट नेपालमा पनि तिब्र रुपमा फैलिरहेको र यस जिल्लामा समेत फैलिसकेको अवस्था छ। सो को रोकथाम र नियन्त्रणका लागी जिल्ला सदरमुकामस्थित सिद्दिचरण नगरपालिकाको बैठकले मिति २०७८।१।२२ गतेदेखी मिति २०७८।०१।३१ गतेसम्म सवारी साधन सञ्चालनमा पुर्णतया रोक लगाएको र मिति २०७८।०१।२६ को सुचनाबाट जिल्ला प्रशासन कार्यालय ओखलढुङ्गाले २०७८।०२।०९ सम्म निषेधाज्ञा आदेश जारी भएको अवस्था छ। यसै विचमा यस अदालतका माननीय जिल्ला न्यायाधीश श्री दलबहादुर के.सी. ज्युलाई मिति २०७८।०१।२६ को परिक्षणबाट कोरोना भाईरस (कोभिड-१९) पोजेटीभ देखिएकोले हाल सेल्फ आइसोलेशनमा रहनु भएको छ। सम्मानित सर्बोच्च अदालतको मिति २०७८।०१।१४ गतेको पुर्ण बैठकबाट जिल्ला अदालत समेतको हकमा स्थानिय परिस्थिति एबम जोखिमको अवस्थालाई मुल्याङ्कन गर्दै उपयुक्त देखिएको काम कारवाही र सेवा प्रवाहको ब्यवस्था सम्बन्धित अदालतले गर्ने भनी निर्णय भए बमोजिम ओखलढुङ्गा जिल्ला अदालत, जिल्ला सरकारी वकिल कार्यालय र नेपाल वार एसोसिएसन ओखलढुङ्गा समेतको छलफलबाट मिति २०७८।०१।२२ देखि मिति

२०७८।०१।३०

ओखलढुंगा जिल्ला अदालत
ओखलढुंगा

२०७८।०१।३१ सम्म सेवा संकुचन गरिएकोमा उल्लिखित परिस्थिति समेतलाई विचार गरी मिति २०७८।०२।०१ देखि मिति २०७८।०२।०९ सम्मका लागि समेत यस अदालतबाट हुने नियमित काम कारवाही मध्ये देहाय बमोजिमका कामकारवाहीहरु मात्र सम्पादन हुने गरी यस अदालतबाट मिति २०७८।०१।३० मा निर्णय भएको हुँदा सम्बन्धित सबै सरोकारवाला तथा सेवाग्राहीहरुलाई जानकारीको लागी यो सूचना जारी गरिएको छ।

1. म्याद थप पक्राउ पुर्जी, कल डिटेल अनुमती र जरुरी पक्राउ पुर्जीको समर्थन सम्बन्धी कार्य।
2. अभियोग दर्ता, अभियोग पत्रसाथ पेश भएका अभियुक्तको वयान लिने, थुनछेक गर्ने।
3. बन्दिप्रत्यक्षीकरण र निषेधाज्ञा सम्बन्धी निवेदन दर्ता तथा सुनुवाई गर्ने।
4. प्रहरी द्वारा पक्राउ गरी लिएका फरार प्रतिवादीको वयान तथा थुनछेक सम्बन्धी कार्य।
5. फौजदारी कार्यविधी संहिता, २०७४ को दफा १५५ अन्तर्गतका निवेदन सम्बन्धी कार्य।

(नोटः- उल्लेखित सेवा बाहेक अन्य सेवाहरु स्थगन गर्ने । काम कार्वाही तथा सेवाप्रवाह स्थगन भएको अवधिलाई शुन्य समय मानी सो अबधिमा मुद्दा रिट तथा निवेदनहरुमा रहेका हदम्याद र तारेख समेत नगुज्रने एवं अन्य ब्यबस्थापकिय पक्षहरु अदालत प्रशासनले मिलाउने ।)

२०७८/१/३०